# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २६७ | बुटवल | २०८१ असोज ०७, गते सोमबार | नेपाल संवत ११४४ | Monday Sept.23, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पु¥याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)

फोन:- ०७१५४२५७१


## दुर्गा प्रसाईं पक्राउ



बुटवल । मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई प्रहरीले पक्राउ गरेको छ ।

विद्युतीय कारोबार ऐनअन्तर्गत पक्राउ पूर्जी जारी भएपछि प्रहरीले भक्तपुरस्थित उनकै निवासबाट प्रसाईंलाई पक्राउ गरेको हो ।

साइबर ब्यूरोबाट खटिएको टोली र जिल्ला प्रहरी परिसर भक्तपुरको सहयोगमा प्रसाईंलाई पक्राउ गरेको साइबर ब्यूरोका प्रमुख डीआइजी नवीन्द अर्यालले जानकारी दिए ।

प्रसाईंलाई पक्राउ गर्न प्रहरी भक्तपुरको मध्यपुर थिमी नगरपालिका-६ कमेरोटारस्थित उनको घरमै गएको थियो । झण्डै एक घण्टा घरको गेट नै नखोलेपछि कम्पाउण्ड नाघेर भित्र प्रवेश गरेर प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो ।

साइबर ब्यूरोमा उनीविरुद्ध जाहेरी परेपछि जिल्ला अदालत, काठमाडौंले प्रसाईंलाई पक्राउ गरेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) केन्द्रीय सदस्य टीका संग्रौला (ज्वाला) लगायतका महिलाले प्रसाईंविरुद्ध ब्युरोमा जाहेरी दिएका थिए ।

सोही जाहेरीपछि अदालतको अनुमति लिएर प्रसाईंलाई प्रहरीले पक्राउ गरेको हो ।

विभिन्न व्यक्तिको चरित्रहत्या गर्ने, बेश्यावृत्ति गरेको आरोप लगाउने तथा आपत्तिजनक अभिव्यक्ति दिनेलगायतका विषय उल्लेख गरेर प्रसाईंविरुद्ध जाहेरी परेको थियो ।

**'ओलीसँग लडिरहने'**

पक्राउ परेपछि प्रसाईंले आफ्नो शरीरमा एक थोपा रगत बाँकी हुँदासम्म प्रधानमन्त्री केपी शर्मा ओलीसँग लडिरहने बताएका छन् । प्रसाईंले आफू तस्करहरूविरुद्ध लड्दा पक्राउ पर्न परेको पनि बताए । 'तस्करहरूको विरुद्धमा लड्दा आज यो मैले भोगेको छु । एक थोपो रगत हुँदासम्म केपी ओलीसँग लड्छु ।'- उनले भने ।

उनले प्रहरीलाई समेत आफूलाई भ्रष्टाचारीलाई जस्तो व्यवहार नगर्न भनेका थिए । 'पक्रिएजस्तो नगर्नुस् न म आफैं चढिहाल्छु नि, भ्रष्टाचारीलाई जस्तो नगर्नुस् न ।'- उनले प्रहरीको भ्यानमा चढ्दैगर्दा भनेका थिए । प्रसाईंलाई अनुसन्धानका लागि तीन दिन थुनामा राख्न अदालतले अनुमति दिएको छ ।

# सहकारी 'ठगी' मा पूर्व डीआइजी जोशी पक्राउ

**लुम्बिनी संवाददाता**

*बुटवल*



सहकारी ठगी प्रकरणमा पूर्व डीआइजी छविलाल जोशी पक्राउ परेका छन् ।

उनी काठमाडौंबाट पक्राउ परेका हुन् ।

गृहमन्त्री रमेश लेखकले आइतबार मात्रै सहकारी छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गर्न भन्दै निर्देशन दिएका थिए । लगत्तै जोशीलाई काठमाडौंबाट पक्राउ गरिएको हो ।

पक्राउ परेका जोशीलाई आइतबार रातिसम्म पोखरा लैजाने प्रहरीले जनाएको छ । उनी गोर्खा मिडियाका पूर्वसञ्चालकमध्ये एक हुन् ।

सूर्य थापा नेतृत्वको संसदीय छानबिन समितिले जोशीसहित चार व्यक्तिको नाम किटान गर्दै कारबाही गर्न निर्देशन दिएको थियो ।

जोशीलाई प्रहरीले काठमाडौंबाट 'जरुरी पक्राउ पूर्जी' दिएर नियन्त्रणमा लिएको खुलेको छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालय, टेकुबाट खटिएको टोलीले उनलाई शंखमुल क्षेत्रबाट नियन्त्रणमा लिएको प्रहरी उच्च स्रोतले बतायो ।

जिल्ला प्रहरी कार्यालय, कास्कीले सहकारी ठगी प्रकरणमा अनुसन्धानका लागि लेखेको पत्र समेतका आधारमा उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले जरुरी पूर्जी थमाएर जोशीलाई नियन्त्रणमा लिएको एक अधिकृतले बताए ।

सहकारी संस्था बचत रकम दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिले अध्यक्ष गीतेन्द्रबाबु (जीबी) राई, सदस्य कुमार रम्तेल, तत्कालीन सञ्चालक जोशी र प्रबन्धक निर्देशक रवि लामिछानेलाई कानुनअनुसार कारबाही गर्न सिफारिस गरेको थियो ।

सिफारिसमा परेकामध्ये राईविरुद्ध अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) मा रेड नोटिस जारी छ भने रम्तेल पुर्पक्षका लागि थुनामा छन् ।

बाँकी रहेका जोशी र लामिछानेविरुद्ध प्रहरीले सहकारी ठगी र संगठित अपराधको कसुरमा मुद्दा चलाउने तयारी गरेको छ ।

जिल्ला प्रहरी कार्यालय, कास्कीका एक अनुसन्धान अधिकृतका अनुसार, २२ माघमा लामिछानेसहित १८ जनाविरुद्ध २५ जना पीडितले पूरक जाहेरी समेत दिएका थिए । त्यही जाहेरी र प्रतिवेदनका आधारमा दुवै जनाविरुद्ध मुद्दा जाने स्थिति बनेको प्रहरी अधिकृतहरु बताउँछन् ।

संसदीय छानबिन समितिको प्रतिवेदनमा उल्लेख भएअनुसार, जीबी राई सञ्चालक रहेको ७ मध्ये पाँचवटा सहकारीबाट ६५ करोड रुपैयाँ रकम गोर्खा मिडिया नेटवर्कमा अपचलन भएको देखिन्छ । गोर्खा मिडियामा रकम गएको थप एउटा सहकारीमा भने कुमार रम्तेल सचिव छन् ।

गोर्खा मिडिया नेटवर्क प्रालिमार्फत् यो समूहले ग्यालेक्सी टिभी चलाएको थियो । पछि चुनाव लड्ने भन्दै लामिछानेले १ असार २०७० मा टिभी छाडेका थिए । त्यसपछि गोर्खा मिडिया नेटवर्कमा गितेन्द्रबाबु (जीबीं) राई, कुमार रम्तेल र जीबी ग्रुप अफ कम्पनिज प्रालि सञ्चालक छन् ।

पूर्वडीआइजी जोशीले रविभन्दा एक वर्षअघि २०७८ मा गोर्खा मिडिया नेटवर्क छाडेका थिए ।

**पक्राउ परेनन् रवि**

यसैबिच राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई प्रहरीले आइतबार भने पक्राउ गरेको छैन । बाहिर आइरहेका कुराहरु हल्ला मात्रै भएको प्रहरी उच्च स्रोतले बतायो ।

'छविलालजीलाई जरुरी पक्राउ पुर्जी दिएर पक्राउ गरिएको हो । रविजीलाई पक्राउ गर्ने कुनै पनि तयारी थिएन । बाहिर आएका समाचारहरु असत्य हुन् ।'- स्रोतले भन्यो ।

रविलाई चाँडै पक्राउ गर्ने तयारी भने छ । जिल्ला अदालत पोखराबाट पक्राउ पुर्जी लिएर पक्राउ गरिने स्रोतले बतायो ।

गोर्खा मिडियाका पूर्वसञ्चालक छविलाल जोशीलाई जरुरी पक्राउ पुर्जी थमाएर पक्राउ गरिएको थियो । प्रहरीले कुनै पनि आरोपि भाग्न सक्ने खतरा देखेमा अदालतबाट अनुमति नलिइकन जरुरी पक्राउ पुर्जी दिएर नियन्त्रणमा लिन सक्छ । रविलाई भने अदालतबाट अनुमति लिएर नै पक्राउ गरिने स्रोतको भनाइ छ ।

पूर्वडीआइजी जोशीलाई पक्राउ गर्न कास्कीबाटै प्रहरी टोली आएको थियो । उक्त टोलीलाई उपत्यका अपराध अनुसन्धान कार्यालयले सहजीकरण गरेको हो ।

## अग्रज पत्रकारमाथि मेयर पाण्डेयद्वारा अभद्र व्यवहार

बुटवल । बुटवल उप-महानगरपालिकाका मेयर खेलराज पाण्डेले रुपन्देहीका दैनिक पत्रिकाका सम्पादक र प्रकाशकहरुसँग छलफल गर्ने क्रममा अभद्र व्यवहार गरेका छन् ।

उप-महानगरपालिकाले दिने विज्ञापन र सूचनाहरुको बारेमा छलफल गर्न पुगेको टोलीसँग मेयर पाण्डेले आक्रोशित हुँदै अस्वभाविक व्यवहार देखाएका हुन् । केही दिनअघि काठमाडौंमा देशभरका प्रेस काउन्सिल नेपालमा सूचीकृत भएका राष्ट्रिय दैनिक पत्रिकाहरुले विज्ञापन दररेटमा गरेको सहमतिबारे जानकारी दिन सम्पादक र प्रकाशकहरु पुगेका थिए । यस क्षेत्रबाट प्रकाशित दैनिक पत्र राष्ट्रिय दैनिकका प्रकाशक तथा प्रधान सम्पादक डा. बालकृष्ण चापागाईं, बुटवल टुडेका प्रबन्ध सम्पादक नवराज कुँवर, मेचीकाली दैनिकका कार्यकारी प्रमुख विष्णु गैरे, दैनिक लुम्बिनीका प्रबन्ध सञ्चालक महेश रिजालको टोली आइतबार मेयर पाण्डेलाई भेट्न पुगेको थियो । त्यसबेला लुम्बिनी टेलिभिजनका महासचिव दिनेश पाण्डे पनि सहभागी थिए ।

भेटघाटको सुरुवातमै डा.चापागाईंले विज्ञापन नीतिबारे चर्चा गर्दै उप-महानगरपालिकाले गर्नुपर्ने काम बारे बताएका थिए । चापागाईंले बोल्दै गर्दा मेयर पाण्डेले झर्किदै भने-'तपाईंहरुले मलाई सिकाउनु पर्दैन । मैले सबै जानेको छु, बुझेको छु । मलाई जे मन लाग्छ त्यही गर्छु ।' छलफलमा सहभागी सम्पादक र प्रकाशकहरु मेयर पाण्डेको अमर्यादित शैली देखेर आश्चर्यमा परे ।

'दैनिक पत्रिका प्रकाशन गरेको ३५ वर्ष भयो, यस्तो जंगली व्यवहार कुनै जनप्रतिनिधिबाट भएको थिएन । मेयर पाण्डेको पदीय उन्माद कार्यकक्षमै देख्दा आश्चर्य लाग्यो । म उनको समकालीन पनि होइन, कुनै व्यक्तिगत सहयोग माग्न पनि गएको थिइन, संस्थागत काममा गएको बेला गरिएको अशोभनीय, उदण्ड र अभद्र व्यवहारले सिंगो पत्रकारिताको धज्जी उडाएको छ ।'-डा. चापागाईंले भने ।

चापागाईंले बुटवलमा आफूले गरेको यति लामो संघर्षमा यस्तो अपमान पहिलोपटक भोगेको बताउँदै यस प्रकारको दम्भ र घमण्ड छोडी सच्चा जनप्रतिनिधिको व्यवहार गर्न आग्रह गरेका छन् ।

टोलीमा सँगै रहेका मेचीकाली दैनिकका प्रबन्धक विष्णु गैरेले मिडियाको विषयवस्तुबारे कुरा गर्न गएको समयमा मेयर पाण्डेयको व्यवहार अस्वभाविक देखिएको बताए । मेयरको कुर्सीमा रहेको व्यक्तिले दम्भ राख्न नहुने उनको भनाइ छ ।

मेयर पाण्डे पछिल्लो समय कुनै विषयमा सुझाव दिने व्यक्ति कर्मचारी तथा संस्थासँग यसैगरी झर्कने र अमर्यादित शैलीमा प्रस्तुत हुँदै आएको भन्दै आलोचना हुन थालेको छ ।

## कर्मचारीलाई मुख्यन्त्रीको १४ बुँदे निर्देशन जारी



दाङ । लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यले आर्थिक अनुशासन र मितव्ययिता कायम गर्न कर्मचारीलाई १४ बुँदे निर्देशन जारी गरेका छन् ।

प्रदेश सरकारका नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन र उद्देश्य प्राप्तिका लागि निर्देशन जारी गरिएको हो । विगतमा प्रदेश सरकारको बजेट खर्च सन्तोषजनक नभएको, अनुदान वितरण र सरकारी खर्चमा मनपरी भएको, बेरुजू हरेक वर्ष बढेको भन्दै सरकारको चर्को आलोचना भएको थियो ।

यसअघि मन्त्रिहरुका लागि आचारसंहिता जारी गरेका मुख्यमन्त्री आचार्यले मन्त्रालय र मातहतका कार्यालयको सेवालाई प्रभावकारी बनाउन कर्मचारीलाई १४ बुँदे निर्देशन जारी गरेका हुन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट तयार भएको निर्देशन स्वीकृत गर्दै मुख्यमन्त्री आचार्यले सेवा प्रवाहलाई चुस्त बनाउन दिर्नेशन दिएका छन् ।

प्रदेशस्थित निकाय तथा कार्यालयहरुले सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्न, आर्थिक गतिविधिमा मितव्ययीता कायम गर्न, खरिद एवं जिन्सी व्यवस्थापन, सूचना व्यवस्थापन एवं गुनासोको प्रभावकारी सम्बोधन गर्न, निकायगत समन्वय, अनुगमन एवं प्रतिवेदनका साथै सार्वजनिक जवाफदेहिता र सुशासन प्रवर्द्धनका लागि जारी गरिएको निर्देशन लागू हुँदा प्रदेशवासीमा सरकारप्रति विश्वास जागृत हुने मुख्यमन्त्रीको विश्वास छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट जारी भएको निर्देशनमा सेवाग्राही मैत्री सेवालाई प्राथमिकतामा राखिएको छ ।

प्रत्येक मन्त्रालयले अनिवार्य रुपमा ई-हाजिरी को प्रबन्ध मिलाउने, ई-हाजिरीलाई एकीकृत कार्यालय व्यवस्थापन प्रणालीसँग अनिवार्य आबद्ध गर्ने, कर्मचारीको बिदा, काज तथा भ्रमण स्वीकृत गर्दा कार्यसम्पादन सेवा प्रवाहमा असर नपर्ने सुनिश्चित गरेर मात्रै गर्ने, बिदा, काज तथा भ्रमण स्वीकृति अनिवार्य रुपमा जिआइओएमएस प्रणालीमार्फत् गर्ने, कार्यालयमा अनावश्यक मौज्दात नरहने गरी एवं आवश्यकता र औचित्यका आधारमा मात्र जिन्सी सामान खरिद गर्ने निर्देशनमा उल्लेख छ ।

५० लाख वा सो भन्दा माथिका आयोजना कार्यक्रमको हकमा कार्यतालिका कार्ययोजनाअनुसार कार्यसम्पादन भए नभएको मासिक रुपमा अनुगमन गरी प्रतिवेदन लिने एवम् अद्यावधिक गर्ने, कार्यसम्पादन अवस्था सन्तोषजनक नभएकाहरुलाई तत्काल पृष्ठपोषण, प्राविधिक सहायता आवश्यक भए उपलब्ध गराउने, मन्त्रालय वा मातहत कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन एवं कार्यप्रकिया सहज बनाउने गरी महाशाखा, शाखा, फाँट, सहायता कक्ष(हेल्प डेस्क), प्रतिक्षालयको व्यवस्थापन गर्ने विषय समेटिएको छ ।

मन्त्रालयबाट वार्षिक कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्ययोजनाअनुसार कार्यसम्पादनको अवस्था बारेमा नियमित अनुगमन गर्ने, मासिक समीक्षा तथा बैठक पूर्णतः कार्ययोजनाको कार्यान्वयन अवस्थाको समीक्षा र अन्य समसामयिक विषयहरुमा मात्रै केन्द्रित गर्ने, कार्यालयको वेबसाईटलाई सूचनामूलक बनाउने, साथै प्रयोगकर्तामैत्री हुने गरी वेबसाइट व्यवस्थापन गर्ने, वार्षिक कार्यक्रमअन्तर्गतका बैठक, तालिम, गोष्ठीलगायत सञ्चालन गर्दा संभव भएसम्म सहभागी प्रशिक्षार्थीलाई अनुकूल हुने स्थानमा रहेका सरकारी प्रशिक्षण संस्था, निकाय वा कार्यालयहरुसँग समन्वय गरी त्यस्ता संस्था, निकाय वा कार्यालयको सभाहल प्रयोग गर्ने उल्लेख छ ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी

## सम्पादकीय

# प्रधानमन्त्री रोजगार कार्यक्रमको औचित्य

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत प्यूठानका पाँच पालिकामा १७ करोड रुपैयाँ खर्च भएको छ । यो खर्चको औचित्यमाथि प्रश्न उठेको छ। पालिकामा सूचीकृत बेरोजगारमध्ये छनौटमा परेकालाई एक सय दिन रोजगारी दिन प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याइएको हो । कामको गुणस्तर नहुँदा बजेट खर्चमाथि प्रश्न उठ्नु स्वाभाविक छ।

गाउँमा गएको बजेटमध्ये अधिकांश सडक सफाइ र मर्मतमा खर्च भएको छ, तर जहाँ काम भएको छ, कामको गुणस्तर छैन । काम राम्रो भए नभएको अनुगमन नहुँदा गुणस्तर कायम हुन सकेको छैन । सरकारले बजेटप्रति स्थानीय तहको अपनत्व गराउनका लागि पालिकालाई बजेट पठाउन थालेको हो । पालिकाले बेरोजगार सूचीकृत गर्ने, पालिकाभित्रको काममा उनीहरुलाई खटाउने जिम्मेवारी दिएको हो । तर पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई संघीय सरकारको कामको रुपमा बुझ्दा रोजगार कार्यक्रममार्फत् रोजगार पाएकाले सकेसम्म कमसल काम गर्ने, दिन गुजार्ने प्रवृत्ति मौलाएको छ।

प्यूठानमा झैँ देशका अरु पालिकामा पनि उस्तै हालत छ । बेराजगारले सरकारले रोजगार दियो भनेर राम्ररी काम गर्ने हो भने कम्तिमा यो कार्यक्रमको औचित्य पुष्टि हुन सक्दथ्यो। कार्यक्रममा सहभागीले राम्ररी काम नगर्ने र पालिकाले राम्रो गर्नका लागि उत्प्रेरित नगर्दा कार्यक्रम अघि बढाउन जोखिम देखिन्छ। केही दिन अघि प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै पनि कार्यक्रम अघि प्रधानमन्त्री नजोड्न निर्देशन दिए । कार्यक्रम आकर्षक भए पनि कामको प्रभावकारिता नदेखिएपछि प्रधानमन्त्रीले त्यस्तो निर्देशन दिएका हुन् । संघीय सरकारमा प्रधानमन्त्री र राष्ट्रपतिको नाम जोडेर कार्यक्रम बनेपछि प्रदेशमा मुख्यमन्त्री, स्थानीय तहमा प्रमुख र उप-प्रमुखको नाम जोडेर कार्यक्रम बनाउने प्रवृत्ति मौलाएको छ । यो प्रवृत्तिलाई अन्त्य गर्न पनि प्रधानमन्त्रीको निर्देशन जायज छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको औचित्य स्थापित गर्ने हो भने पालिकाले अनुगमन गरी कामको प्रभावकारिता कायम गर्न सक्नुपर्छ । पालिकाले अपनत्व लिँदा मात्रै औचित्य स्थापित हुन्छ । पालिकाले आफ्नो मात्रै नभएर पालिकामा सञ्चालित संघीय र प्रदेश सरकारका सबै कार्यक्रम र योजनाप्रति अपनत्व लिएमा बजेट खर्चअनुसार कामको गुणस्तर कायम हुन सक्छ।

# कहिले अन्त्य होला शिक्षा र स्वास्थ्य क्षेत्रको भ्रष्टाचार ?



**द्रोण अधिकारी**

वर्तमान संविधानलाई समाजवाद उन्मुख राज्यव्यवस्थाको मुल कानूनका रूपमा व्याख्या गरिएको छ । जसले ३३ वटा मौलिक हकको सुनिश्चित समेत गरेको छ। त्यसमध्ये नागरिकको आधारभूत आवश्यकताभित्र अति संवेदनशील क्षेत्रका रूपमा मौलिक हकमा समेटिएको शिक्षा र स्वास्थ्य क्षेत्र पर्दछन्। यी क्षेत्रको माध्यमबाट राज्यले नागरिकको अधिकार संरक्षण गर्दै सेवा गर्ने सबैभन्दा नजिकको अवसर पनि प्राप्त गर्दछ।

राज्यको सेवा प्रवाह जनमैत्री छ कि छैन भन्ने तथ्य मापनको आधार पनि शिक्षा र स्वास्थ्य क्षेत्रले मात्र विश्वास दिलाउन सक्ने अवस्था रहन्छ। तर, पछिल्लो समय शिक्षा र स्वास्थ्य क्षेत्रमा विकृतिका रूपमा भ्रष्टाचारले प्रवेश गर्दा नागरिकले राज्यमाथि प्रश्न खडा गरिरहेको अवस्था छ। देश निर्माणको पहिलो आधारका रूपमा रहेको शिक्षा क्षेत्र तथा स्वच्छ जीवनको आधारका रूपमा रहेको स्वास्थ्य क्षेत्रमा भ्रष्टाचार मौलाउँदै जाँदा नागरिकमा राज्यप्रति आशाभन्दा निराशा बढ्न गइरहेको हो।

राज्यको नेतृत्व गर्ने निकायका प्रमुख तथा तिनका अनुयायीहरूले लाभ लिनकै लागि नीतिगत छिद्र बनाएर यी क्षेत्रलाई भ्रष्ट बाटोतिर हिँडाइरहँदा कारबाही गर्नुपर्ने ठाउँमा संरक्षण गरिरहेको पनि पाइन्छ। भ्रष्टाचार निवारणका लागि गठित नियामक निकायका प्रतिवेदनहरू अध्ययन गर्दा त्यहाँ उल्लेखित भ्रष्टाचारका प्रमुख केन्द्रका रूपमा शिक्षा र स्वास्थ्य क्षेत्र सर्वाधिक भ्रष्टाचार भइरहेका स्थानमा अङ्कित देखिन्छन्। यी निकाय बिरामी अवस्थामा छन्। देशमा रहेका तीन तहका सरकारको जिम्मेवारीभित्र पर्ने शिक्षा र स्वास्थ्य क्षेत्र चंखे-चतुरेहरूको कमाइखाने संरक्षित निकाय बन्दैछन्। राज्यको नेतृत्व गर्नेहरूले नै शिक्षा र स्वास्थ्य क्षेत्रलाई रोगी बनाइरहेका छन् । शिक्षा र स्वास्थ्य क्षेत्र निरोगी नभएसम्म राज्य संयन्त्र निर्वाध सञ्चालित हुन पनि सक्दैन। अघिल्लो पुस्ताभन्दा पछिल्लो पुस्ताको नागरिक सवल बन्न यी दुई क्षेत्रको उल्लेखनीय भूमिका रहन्छ। त्यसैकारण पनि शिक्षा र स्वास्थ्य क्षेत्रमा विकृतिको छायाँ पर्नु हुँदैन भन्ने विश्वव्यापी मान्यता छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उजुरीपेटीका खोल्दा झण्डै आधा उजुरी शिक्षा र स्वास्थ्य क्षेत्रकै भ्रष्टचारका उजुरी पाइने गरेको छ। यस विवरणले शिक्षाको पवित्रतामाथि कालो दाग देखाएको प्रष्ट छ भने निरोगी नागरिक बनाउने जिम्मा पाएको स्वास्थ्य क्षेत्र आफैं रोगी भएर थलिएको बुझ्न सकिन्छ। शिक्षा क्षेत्रमा शुल्क निर्धारण, शिक्षक नियुक्ति, भवन निर्माण, छात्रवृत्ति, पोषाक वितरण, पाठ्यपुस्तक वितरण, दिवा खाजा वितरण, जग्गा व्यवस्थापन जस्ता पक्षमा भ्रष्टाचार हुने गरेको पाइन्छ। शिक्षा जस्तो पवित्र स्थल भ्रष्टचारमा रूमल्लिँदा भविष्यका देशका खम्बा बालबालिकाको मनोविज्ञान कसरी सकारात्मक बन्न सक्छ भन्ने चिन्ता सबैतिर छाइरहेको छ। यस चिन्तालाई दूर गरेर उच्चस्तरीय शिक्षित वातावरण बनाउन पनि भ्रष्टचार अन्त्य हुन आवश्यक छ।

यस्तै, स्वास्थ्य क्षेत्रमा पनि विशेषज्ञ सेवा प्रवाहमा सरकारी निकायका विशेषज्ञ निजी अस्पतालबाट वा क्लिनिकबाट सेवा बिक्री गरिरहेको, सरकारी अस्पतालमा रहेका उपकरण नचलाएर निजी उपकरण चलाउने वातावरण बनाइरहेको, उपचार दिनुको सट्टा सरकारी अस्पताल आउने बिरामी निजीतिर कमिशनका लागि रिफर गरिरहेको, औषधी कमसल दिने गरेको, सरकारी अस्पतालमा राम्ररी उपचार नगरेर बिरामीलाई निजी अस्पताल जान बाध्य पारिरहेको, सरकारी अस्पतालका औजार उपकरण बिगारेर थन्क्याउँदै कमिसनका लागि बिरामीलाई निजी अस्पताल र क्लिनिक जान बाध्यता खडा गरेको, निजी अस्पताल र क्लिनिकहरूले राज्यले तय गरेको भन्दा दोब्बर बढी शुल्क असुली रहेको, सामान्य बिरामीलाई पनि जटिल र कठिन रोग जस्तै बनाएर उपचारका नाममा ब्रह्मलुट मच्चाइरहेको जस्ता उजुरी पर्ने गरेको देखिन्छ।

यी सबै घटनाक्रमले शिक्ष र स्वास्थ्य क्षेत्र विकृतिको जालोमा रहेको प्रष्ट हुन्छ। यस जालोलाई तोड्न सक्ने राज्य संयन्त्र नबनेसम्म नागरिकले राज्यलाई अभिभावकका रूपमा हेर्ने छैनन्। भ्रष्टाचारको जालो बनेर शिक्षा र स्वास्थ्य क्षेत्रमा व्यापारीकरण मजवुद बनिएको अवस्था छ। नागरिकले तिरेको करबाट जीवन चलाउने कर्मचारीतन्त्र व्यापारीको कमिशनको लोभ पालेर भ्रष्ट आचरणमा हराउँदा शिक्षा र स्वास्थ्य क्षेत्र सबैभन्दा भ्रष्ट निकायमा रूपान्तरित भएको अवस्था छ। यस अवस्थाको अन्त्य नभएसम्म देशले उन्नति प्रगतिको वातावरण पाउने छैन।

यसरी विकासको महत्वपूर्ण पूर्वाधार देश निर्माणको पहिलो आधारका रूपमा रहेको शिक्षा क्षेत्रमा दिनप्रतिदिन भ्रष्टाचार मौलाउँदै गइरहेको अवस्था छ । अख्तियारले हरेक वर्ष सार्वजनिक गर्ने प्रतिवेदनमा शिक्षा क्षेत्रमा भ्रष्टाचार घट्न नसकेको देखाउँछ। सवल राज्यको सपनालाई पूरा गर्न नेपाली शिक्षित वर्गको भूमिका महत्वपूर्ण हुन्छ भन्ने सत्यलाई भ्रष्टाचारले गिज्याइरहेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उजुरीपेटीका खोल्दा सरदर ३० प्रतिशत उजुरी शिक्षाक्षेत्रमा भएका भ्रष्टाचारका उजुरी पाइन्छन् । भ्रष्टाचार सरकारी शिक्षालयमा भन्दा निजी वा सार्वजनिक गुठी मातहतमा अझ धेरै भए पनि अख्तियारको नजर कम्जोर हुँदा त्यहाका भ्रष्टहरू मनोमानी गरिरहेका छन् । त्यहाँ शुल्कका नाममा, छात्रवृत्तिका नाममा, पारिश्रमिक भुक्तानीका नाममा, पोशाक, पाठ्यपुस्तक, अतिरिक्त क्रियाकलाप जस्ता शीर्षकमा भ्रष्टाचार भइरहेको अवस्था छ। यी विभिन्न प्रपञ्चले शिक्षाको पवित्रतामाथि कालो दाग लगाइरहेको प्रष्ट छ।

शिक्षा क्षेत्रमा शुल्क निर्धारण, शिक्षक नियुक्ति, भवन निर्माण, छात्रवृत्ति वितरण, जग्गा व्यवस्थापन, व्यवस्थापन समिति निर्माण जस्ता पक्षमा भ्रष्टचार हुने गरेको पाइन्छ । शिक्षा जस्तो पवित्र स्थल भ्रष्टाचारमा रूमल्लिँदा भविष्यका देशका खम्बा बाल बालिकाको मनोविज्ञान कसरी सकारात्मक बन्न सक्छ भन्ने चिन्ता सर्वत्र छ । यस चिन्तालाई दूर गरेर उच्चस्तरीय शिक्षित वातावरण बनाउन पनि भ्रष्टचार अन्त्य हुनु अपरिहार्य छ।

वर्तमान कानुनअनुसार अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा उल्लेख भएअनुसार प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित विद्यालयले प्रारम्भिक बालबिकास तथा कक्षा १ देखि १२ कक्षासम्मका ५ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा १० प्रतिशत, ५ सयदेखि ८ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा १२ प्रतिशत र ८ सयभन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले कम्तीमा १५ प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ को नियम ११ र १२ मा उल्लेख भएअनुसार स्थानीय तहका अध्यक्ष वा प्रमुखको अध्यतामा छात्रवृत्ति व्यवस्थापन समिति गठन हुन्छ ।तोकिएबमोजिमको प्रक्रिया पूरा गरी नियमानुसार प्रदान गरिने छात्रवृत्ति र विशेष व्यवस्था तथा अवसर प्राप्त गर्ने बालबालिकाको पहिचान, छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन गर्ने गराउने व्यवस्था गर्न स्थानीय सरकार जिम्मेवार हुनुपर्छ । विद्यालयहरूले प्रदान गर्ने छात्रवृत्ति र संस्थागत विद्यालयको शुल्कसम्बन्धी विवरण, दरबन्दी सिर्जना, नियुक्ति प्रकृया, शैक्षिक योग्यताको अवस्था, वालमैत्री वातावरण, भौतिक पुर्वाधारको अवस्था, पाठ्यक्रम र पाठ्पुस्तक उपयोगको अवस्थाको कार्यान्वयनको वातावरणबारे स्थानीयस्तरमा सम्बन्धित गाउँ तथा नगरपालिका र जिल्लास्तरमा अनुगमनको व्यवस्था हुने नियमावलीमा प्रष्ट छ। तर, स्थानीय सरकारले माथि उल्लेख भएका नियमकानुनको प्रयोग गर्न नसक्नुको प्रमुख कारक भ्रष्ट आचरण नै हुन सक्छ।

कानुनले कडाइ गरिरहेको अवस्थालाई विभिन्न छिद्रबाट प्रवेश गराएर जिम्मेवार निकाय निजी तथा क्षैक्षिक गुठीका विद्यालयहरूमा मनलागी गर्ने अवसर प्रदान गरिरहेको छ । सरकारी विद्यालय राजनीतिक हस्तक्षेपका कारण भ्रष्टाचार मौलाउने ठाउँ बनिरहेका छन् भने संस्थागत विद्यालय आर्थिक नातासम्बन्धका कारण विकृति र भ्रष्ट आचरण संरक्षण केन्द्रमा रूपान्तरित हुँदै छन् । यस्ता विकृति नहटेसम्म शिक्षा क्षेत्र समाज रूपान्तरणको माध्यम बन्न सक्दैन।

यसैले राज्यको नेतृत्व गर्नेको ध्यान शिक्षा क्षेत्रका फोहोर हटाएर सफा गर्न लाग्नै पर्छ अनि मात्र भ्रष्ट आचरणले शिक्षामा प्रवेश पाउने छैन । सरकारी होस् या संस्थागत विद्यालयमा राज्यले तय गरेको नीति नियम विपरितका क्रियाकलाप गर्ने काम भ्रष्टाचारकै श्रेणीमा पर्दछन्।

अब भ्रष्टाचारको अन्त्य हुनैपर्छ । सेवाका नाममा आर्थिक अपचलन या शोषण गर्नेहरू कानुनको दायरामा ल्याउन पछि पर्नु हुँदैन। निजी शिक्षालय सेवाभन्दा धेरै व्यापार भएर बालबालिकाको टाउको महँगो बनाइरहेका छन् भने सरकारी शिक्षालय कमजोर शिक्षा बाँड्ने गरिब जन्माउने उद्योग बनिरहेका छन् । यी दुवैको नियामकको जिम्मेवारी लिने शिक्षा मन्त्रालय, प्रदेश तथा स्थानीय सरकार मातहतका नियन्त्रकहरू कमिशनको चस्मा फेरेर बसिरहेको अवस्था छ। यस्तो सभ्यताविरोधी भ्रष्ट आचरण जन्माउने काम देखिने गरी भइ रहेको भए पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणका लागि आवश्यकताअनुसार काम गर्न सकिरहेको छैन। जबसम्म शिक्षा क्षेत्रको भ्रष्टचार अन्त्य हुँदैन तबसम्म समृद्ध देश बन्ने वातावरण निर्माण हुने छैन।

गुणस्तरीय शिक्षा प्रदान गरिरहेको दाबी गर्ने निजी तथा सार्वजनिक गुठीअन्तर्गत सञ्चालित विद्यालयमध्ये अधिकांश विद्यालय सडकपेटीको किनारामा थापिने फुटपथ पसलजस्तै नीति, नियम र कानुनी राजविपरीत मनलागी शैलीमा चलिरहेको दृष्यले नियामकको भ्रष्ट आचरणको परिचय दिलाइरहेको अवस्था छ । यी र यस्ता विद्यालयमा कार्यरत अधिकांश शिक्षक कर्मचारीको शैक्षिक योग्यतामा समेत प्रश्न उठिरहेको भए पनि नियामकले अनुगमन गर्ने हिम्मत गरेको अवस्था छैन।

राज्यले विद्यालय सञ्चालन अनुमति दिँदा नै प्रष्ट कानुनी प्रावधान बुझाएर नीति र नियममा चल्ने प्रतिबद्धता लिएको हुन्छ तर व्यवहारमा प्रतिबद्धता पालना भए नभएको हेर्ने जिम्मा अनुमति दिने राज्यको हो। यहीँ आएर राज्य संयन्त्र लालचमा डुब्दा निजी तथा सार्वजनिक गुठीमा सञ्चालित विद्यालयहरू सडक किनारका पसलको शैलीमा नीति-नियम बिर्सँदै सञ्चालित भइरहेका छन्। माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने राज्यको घोषणा सरकारी विद्यालयले अंग्रेजी माध्यममा शिक्षा दिने बाहनामा कालो व्यपार गरिरहेको दृष्य राज्यकै संरक्षणमा भइरहेको घिनलाग्दो भ्रष्टाचारको नमूना मान्न सकिन्छ।

शिक्षालाई चरम व्यापारिक केन्द्र बनाएको निजी क्षेत्रभन्दा डरलाग्दो अपारदर्शी व्यापार अंग्रेजी माध्यम देखाएर सरकारका शिक्षक कर्मचारीले गरिरहेका छन्। गरिबका छोराछोरीको टाउको बेचेर उठाएको पैसा कहाँ र कसरी खर्च भइरहेको छ ? कहीँ-कतै हिसाब सार्वजनिक भएको देखिँदैन । तीन तहकै सरकारबाट शिक्षाको विकासमा लगानी हुने गरे पनि त्यस लगानीले अंग्रेजी माध्यम भनेर ठगी खाने विद्यालयका सञ्चालक समिति, प्रधानाध्यापक तथा चंखेचतुरे शिक्षक कर्मचारीलाई नियन्त्रण गर्न नसक्नुका पछाडि राज्यका नियामकको भ्रष्ट आचरण र बाँडी खाने प्रवृत्ति प्रमाणित हुँदैन र ?

राज्यसित नीति र नियम छ तर त्यसलाई कार्यान्वयन गर्ने नेतृत्व छैन। टाढाका सरकार संघ र प्रदेशले नीति र नियमको पूर्ण पालना गराउन नसके पनि घरनजिकको स्थानीय सरकारले संविधान र कानुनअनुसारका नीति र नियम बनाएर कार्यान्वयन गर्न सक्ने हो, तर लालचकै कारण नीति र नियम बनाएर शिक्षा र स्वास्थ्य क्षेत्र सुधार गर्ने हिम्मत गरेको अवस्था छैन। यो सबै अवस्था भ्रष्टाचारको संरक्षण होइन र ? भ्रष्ट आचरण भएका व्यक्तिहरूले नेतृत्व लिउन्जेल शिक्षा र स्वास्थ्य क्षेत्रका विकृति रोक्न नसकिने प्रष्ट छ। यस्तो अवस्था रहुञ्जेल समाजवादको परिकल्पना दिवा सपनाबाहेक अरू हुन पनि सक्दैन। त्यसैले राजनीतिको सुधार नहुञ्जेल नागरिकको जीवनस्तर परिवर्तित हुने छैन । आमूल परिवर्तनका लागि शिक्षा र स्वास्थ्य क्षेत्र व्यापारिक पञ्जाबाट खोसिएर सेवामूलक निकायमा रूपान्तरण नै अबको आवश्यकता हो।

घटना र विचारबाट

# नेप्से परिसूचक ११ दशमलव ५८ अङ्कले बढ्यो



काठमाडौँ। यो साताामा कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक ११ दशमलव ५८ अङ्कले बढेर दुई हजार पाँच सय ८८ दशमलव ३५ को अङ्कमा रोकिएको हो।

तीन सय २५ कम्पनीको एक करोड २४ लाख ८५ हजार सात सय ३१ कित्ता शेयर ७२ हजार नौ सय ५७ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब नौ करोड २९ लाख ४८ हजार छ सय ९० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । वित्त समूह शून्य दशमलव ३१, होटल तथा पर्यटन शून्य दशमलव ६१, उत्पादन तथा प्रशोधन शून्य दशमलव १९, लघुवित्त शून्य दशमलव १८ र म्युचुअल फन्ड शून्य दशमलव १० प्रतिशतले घटेका छन् भने अरु सबै समूहको उपसूचक बढेको छ।

सबैभन्दा बढी बैकिङ समूह एक दशमलव ०१ प्रतिशतले बढेको छ। विकास बैंक शून्य दशमलव ६६, जलविद्युत् शून्य दशमलव ३१, लगानी शून्य दशमलव ६२ र जीवन बिमा समूह शून्य दशमलव २४ प्रतिशतले बढेको छ। त्यस्तै, निर्जीवन बिमा समूह शून्य दशमलव ४७, व्यापार शून्य दशमलव ०७ र अन्य समूह शून्य दशमलव ४१ प्रतिशतले बढेको छ।

इस्टर्न हाइड्रोपावर लिमिटेड, आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड र अपर साञ्जी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्य आठ दशमलव ६५ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट लिमिटेडको कम्पनी लिमिटेडको रु २७ करोड ८० लाख २७ हजार सात सय १५ बराबरको शेयर खरिदबिक्री भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने एनएमबी सुलभ इन्भेष्टमेन्ट फन्ड-२ को छ लाख ४७ हजार दुई सय तीन कित्ता किनबेच भएको छ।

**Rainadevi Chhahara Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chhahara, Palpa**

## Invitation for Bids

Date of publication: 23rdSeptember 2024(2081-06-07)

1. RainadeviChhahara Rural Municipality invites electronic bids from Nepalese eligible bidders for following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of RainadeviChhahara Rural Municipaity, Chhahara Palpawebsite www.rainadevichhaharamun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

| S.N | Contract ID | Work Description | Bid Submission Date | Bid Opening Date | Bid Validity and Bid Security Validity | Minimum Average Annual Turnover of best three Years within last 10 years | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|---|
| 1 | RRM/PAL/ W/NCB-01-081/82 | Upgrading of Dhajabanne -Pelawas-Ward Office-Taalpokhra-Arghakhanchi Road (Ch 0+000 to 3+800) | 7th Kartik 2081 12:00PM | 7th Kartik 2081 1:00PM | 90 & 120 days | Rs.4,38,00,000.00 | Rs.21,00,000.00 | Rs.5,000.00 |
| 2 | RRM/PAL/ W/NCB-02-081/82 | Upgrading of Sundaredhunga-Juthapauwa-Saljhandi Road(NepaneJuthapauwa Section)(Ch3+000 to 4+100) | 7thKartik 2081 12:00PM | 7th Kartik 2081 1:00PM | 90 & 120 days | Rs.1,03,00,000.00 | Rs.7,20,000.00 | Rs.5,000.00 |

Chief Administrative Officer

# पदपूर्ति स्थगित गर्न इञ्जिनियर एशोसिएसनको माग

बुटवल । नेपाल इञ्जिनियर्स एशोसिएसन लुम्बिनीले बाँकेको कोहलपुर नगरपालिकालाई इञ्जियिरको पदपूर्ति नगर्न माग गरेको छ । लुम्बिनी प्रदेश सभाबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक पारित भइसकेको अवस्थामा नेपाल इञ्जिनियरिङ सेवा, सिभिल समूह, छैठौं तह, इञ्जिनियर पदमा करार सेवाबाट पदपूर्ति गर्न खोजेकोमा रोक्न माग गरेको हो ।

विधेयकमा सातौं तहबाट मात्र इञ्जिनियरको सेवा प्रवेश हुने व्यवस्था भएकाले विधेयक प्रमाणिकरणको प्रकृयामा रहेका बेला विधेयकसँग बाझिने गरी छैठौं तहमा पदपूर्ति गर्न खोज्नु अस्वीकार्य भएको एशोसिएसनका प्रदेश सभापति महेश्वर लम्सालले बताए ।

'छैठौं तहमा पदपूर्ति एशोसिएसनलाई स्वीकार्य छैन, यो तत्काल स्थगित गरी विधेयक प्रमाणित भएपछि सातौं तहमा पदपूर्ति गरिनुपर्छ,' लम्सालले भने-'विधेयकमा सातौं तहमा विज्ञापन गर्ने स्पष्ट प्रावधानलाई स्थानीय तहहरुले नजरअन्दाज गर्न मिल्दैन ।'

छैठौं तहबाट सेवा प्रवेश गराउँदा इञ्जिनियरमाथि अन्याय भएको एशोसिएसनले बताउँदै हालै सम्पन्न चुनावमा यो एजेण्डालाई प्राथमिकतामा राखेको एशोसिएसनका सचिव प्रवेश पौडेलले बताए । कोहरलपुर नगरपाकिलाले भदौ १७ गते सूचना प्रकाशित गरी एकजना इञ्जिनियर पदपूर्तिका लागि १५ दिने म्याद राखेर आवेदन माग गरेको थियो ।


# निक्षेप उपर हकदाबी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला हर्राचौर गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, चन्द्रकोट गा.पा. वडा नं. ०३, बस्ने श्री डम्बर बहादुर थापा को छोरी श्री तेज बहादुर खत्री को श्रीमती बर्ष ७५ को श्रीमती यम कुमारी भन्ने यम कुमारी खत्री (नागरिकता नं. २६७ जि.प्र.का गुल्मी मिति २०४४/१२/०५ मा जारी) को मिति २०८०/०१/१७ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०५१९७ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री गणेश खत्रीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती यम कुमारी भन्ने यम कुमारी खत्री(नागरिकता नं. २६७ जि.प्र.का गुल्मी मिति २०४४/१२/०५ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल NEPAL

नेपालएसबिआई बैंक लि.
गुल्मीशाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४


**कर्मचारीलाई...**

यस्तै प्रचलित कानुन बमोजिम प्रवक्ता एवं सूचना अधिकारीको फोटोसहितको विवरण सहजै देख्न सकिने गरी अनिवार्य रुपमा कार्यालयमा राख्ने साथै उक्त विवरण वेवसाइटमा समेत अद्यावधिक गर्ने, सूचना अधिकारीको लागि कार्यालयले छुट्टै मोबाइल नम्बर व्यवस्था गर्ने, सूचनाको हकसम्बन्धी कानुन बमोजिम स्वतः प्रकाशनलाई सबै निकायले अनिवार्य रुपमा समयमा नै वेबसाइटमार्फत् प्रकाशन गर्ने, हरेक निकायमा उजुरी तथा गुनासो व्यवस्थापनको लागि प्रभावकारी संयन्त्र विकास गर्ने, उजुरी गुनासो पेटिका अनिवार्य राख्ने वा वेबसाइट तथा सामाजिक सञ्जालको माध्यमबाट समेत गुनासो गर्न सकिने व्यवस्था मिलाउने, गुनासोको समयमा नै सम्बोधन गर्ने तथा सोको अभिलेख राख्ने व्यवस्था गर्ने, मन्त्रालयले मातहत निकायहरुको गुनासो सुनुवाइको अवस्थाका बारेमा नियमित प्रतिवेदन लिई समीक्षा गर्ने विषयलाई प्राथमिकिताका साथ निर्देशनमा समेटिएको छ ।

यसअघि मुख्यमन्त्री आचार्यले पूर्व विशिष्ट व्यक्तिहरूले पाउँदै आएको सरकारी सुविधा खारेज गरेका थिए । 'प्रदेश सरकारप्रति नागरिक तहमा वितृष्णा छ, त्यसलाई हटाउन सेवा प्रवाहमा ढिलासुस्ती भए नागरिकले गुनासो गर्ने र त्यसलाई सम्बोधन गर्नेगरी निर्देशन जारी गरेका हौं,' मुख्यमन्त्री आचार्यले भने-'बहानाबाजी गर्ने, काम नगर्ने, सेवाग्राहीको समस्या नसुन्ने, सम्बोधन नगर्ने कर्मचारीमाथि कारबाही गर्छौं, राम्रो गर्नेलाई पुरस्कृत गर्छौं, यसले प्रदेश सरकारले प्रभावकारी काम गरेको अनुभूति नागरिकले गर्न पाउनेछन् ।'


## नेपाल सरकार
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
## सडक डिभिजन बुटवल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/०६/०७

यस डिभिजन कार्यालयबाट मिति २०८१/०३/२६ मा www.bolpatra.gov.np.egp मा तथा बुटवल टुडे राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम बोलपत्र आह्वान गरिएकोमा अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिम न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम छनौट तपसिलमा उल्लेखित बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| S.N. | Contract Identification Number | Bidder's Name and Address | Bid Amount including VAT & P.S. (NRs.) |
|---|---|---|---|
| 1 | DROBTL/33701130/080/81-034 | M/S Babul-Shankar-Durbasa JV, Bhairahawa Rupandehi | 60,122,182.93 |

डिभिजन प्रमुख



## लुम्बिनी प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## यातायात पूर्वाधार निर्देशनालय
## सडक पूर्वाधार विकास कार्यालय
## मणिग्राम, रुपन्देही

## आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

प्रकाशन मितिः २०८१।०६।०७

यस कार्यालयबाट मिति २०८१।०३।२५ गते प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम ठेक्का नं. RIDORUP/NAW/337010134/BR/NCB/080/081/78 को लागि तोकिएको म्याद भित्र www.bolpatra.gov.np.egp मार्फत रितपूर्वक पेश हुन आएका 10 वटा बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताहरुले पेश गरेको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिन आएको हुँदा उल्लेखित बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०८१।०६।१५ गते दिनको १२:०० बजे यस कार्यालयमा खोलिने सम्बन्धमासार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा(२) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) को उपनि(नयम (५) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| आयोजनाको नाम र ठेक्का | सि.नं. | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरु |
|---|---|---|
| Construction of Maho Ghola RCC Bridge [Along the Parasi- Badgo-Maho Ghola-Birani- Chhippagadh Bhairahawa Road, West Nawalparasi] **Contract No: RIDORUP/NAW/337010134/BR/NCB/080/081/78** | १ | M/S Asiatic Engineers And Builders, BUTWAL 5 Rupandehi |
| | २ | M/S Himal Nirman Sewa, Nuwakot-6 |
| | ३ | M/S Puspanjali/Chakardevi J/V, Baneswor Kathamndu |
| | ४ | M/S Bindhyachal and Shiva Engineering Joint Venture, Luvu-8, Lalitpur |
| | ५ | M/S Adventure-Malla Joint Venture, Dhangadhi-03, Kailali |
| | ६ | M/S Pradip Construction, Butwal 13 |
| | ७ | M/S Daya Nirman Sewa, Siddharthanagar-7, Rupandehi |
| | ८ | M/S SIDDHARTHA-K.D-ALAKAPURI JV, Battisputali-9, Kathmandu |
| | ९ | M/S The Cosmic Darshan Malika J.V., Tilottama Rupandehi |



## Road Infrastructure Development Office
### Gulmi, Nepal

# Invitation for Bids

IFB No:03/081-82
(First date of Publication: 7thAshwin, 2081 (23rdSep.2024)

1. Province Government has allocated funds towards the cost for improvement of provincial roads and intends to apply part of the funds to cover eligible payments under the Contract for upgrading of roads under national competitive bidding (NCB).
2. Road Infrastructure Development Office, Gulmi invites only electronic bids from eligible bidders for the construction of the contract mentioned in table below:

| S.N. | Name of Works | Contract ID | Amount Excluding (VAT& PS) | Bid Fee | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Upgrading of DhikidandaNunthala Road, Resunga Na.Pa.-12 | RIDO/GUL/W/NCB/ROAD/134/37/081-82 | 25,29,914.52 | NRs. 3000 for Each Contract | 60,000.00 |
| 2 | Upgrading of MaikathanKavrePokhari Motarable Road, G.R.M.-02; Construction of DevisthanPatidanda Bhalke SirukharkaHundai Sisne Motarable Road, G.R.M.-03; Upgrading of Malika Mandir Toniya PokhariDarlami Tol Motarable Road, G.R.M.-6 and Thulachaur Galam KhadkatolKharjyang Road, Gulmidarbar R.M.-07 | RIDO/GUL/W/NCB/ROAD/134/38/081-82 | 40,52,346.09 | | 96,000.00 |
| 3 | Turang AafredandaThultariSuryakhola Krishi Road Project and Turang AafredandaThultariSuryatari Surya Krishi Road, Chandrakot R.M.-08 | RIDO/GUL/W/NCB/ROAD/134/39/081-82 | 25,29,905.40 | | 60,000.00 |
| 4 | ChorkateShantipur Road &KwangdiKhadikot BharseMotarable Road, Chandrakot R.M.-06 | RIDO/GUL/W/NCB/ROAD/134/40/081-82 | 29,55,515.92 | | 70,000.00 |
| 5 | Upgrading of Khaireni Juniya Bharse Road and KhaireniBharseGwagha Road, Satyawati R.M.-06,07 | RIDO/GUL/W/NCB/ROAD/134/41/081-82 | 50,65,293.84 | | 1,20,000.00 |
| 6 | Upgrading of BhanjyangLahacheGaskot Motarable Road, Satyawati Ga.Pa.-03; Construction of Shiva Manoj Sahid Smriti Marga DekhiRatoPahara Mathi PipalpokharaGolpokhariJodne Road, Satyawati R.M.-02 and Amardipdekhi Masina Motarable Road, Satyawati R.M.-03 | RIDO/GUL/W/NCB/ROAD/134/42/081-82 | 38,03,092.53 | | 90,000.00 |
| 7 | Construction of Jiuna, Lamtari Danda, Kol Gaira, Majhgaun, Maidan Hundai Danda Thok, Rahukar, Tisghar, Furlung, Hemanta Juniya, Upallo Tola, Chamla Gaira, Bharse Road, SatyawatiGa.Pa. 6,7 & 8 Ward Pahunch Marga and Construction of AgareKhola Neta Road Project, Satyawati R.M.-05 | RIDO/GUL/W/NCB/ROAD/134/43/081-82 | 33,77,781.05 | | 80,000.00 |
| 8 | Upgrading of GhumauneUrleniUpalloKoryangTolakotMotarable Road; Upgrading of UlleniChapakhorDeuraliTolakat Road; Urlaini, Ruarali, TolakotMotarable Road and UrleniChapakhaurDeuraliTolakotMotarable Road, Kaligandaki R.M.-06 | RIDO/GUL/W/NCB/ROAD/134/44/081-82 | 59,22,183.65 | | 1,40,000.00 |
| 9 | Upgrading of BarlabaRamphaiMotarable Road and Balawa, Ramphai, Sapang, Lang Motarable Road, Kaligandaki R.M.-06 | RIDO/GUL/W/NCB/ROAD/134/45/081-82 | 25,32,459.40 | | 60,000.00 |
| 10 | Upgrading of AdherikholaDhuwakholaSatdobatoMotarable Road, Kaligandaki R.M.-07, Bhustung | RIDO/GUL/W/NCB/ROAD/134/46/081-82 | 16,88,000.00 | | 40,000.00 |
| 11 | Upgrading of Chaldipanaha-Palukha-Bastu-Hulake Road, Ishma Ga Pa 2, Dhurkot Ga Pa 5 | RIDO/GUL/W/NCB/ROAD/134/47/081-82 | 25,25,293.49 | | 60,000.00 |
| 12 | Upgrading of Barbot WaglaChautaraSirseni-Deurali Road Dhurkot Ga Pa 7 and Upgrading of Nadi Mandir DekhiPipaldharaJumladi ChorpaniArghakhanchiKhanadahaSima Samma, Dhurkot Ga Pa 2 | RIDO/GUL/W/NCB/ROAD/134/48/081-82 | 29,39,779.77 | | 70,000.00 |
| 13 | Upgrading of Hadhade Ghosh Motor Road Dhurkot Ga Pa 3 | RIDO/GUL/W/NCB/ROAD/134/49/081-82 | 8,45,856.63 | | 20,000.00 |
| 14 | Upgrading of PadherakholaPipalnetaBhuwaana Road Dhurkot Ga Pa 4 | RIDO/GUL/W/NCB/ROAD/134/50/081-82 | 16,83,825.09 | | 40,000.00 |
| 15 | Upgrading of ArchengThadhungaAadchaur Chappa Road., Malika Ga Pa 7 And Upgradation of BanekholaAaruntaAamalabot Road, Malika Ga Pa 7 | RIDO/GUL/W/NCB/ROAD/134/51/081-82 | 21,19,538.24 | | 50,000.00 |
| 16 | Upgrading of ThamneRithkhola Road Ishma Ga Pa 5 And Upgrading of Kotakteri Mahadev MandirKafalpataSirkna Road Ishma Ga Pa 4 | RIDO/GUL/W/NCB/ROAD/134/52/081-82 | 33,84,427.39 | | 80,000.00 |
| 17 | Upgrading of ArakholaJaipokhari Road, Malika Ga Pa 1 and Upgrading of PaundiAmrai DhadRanganam Road, Musikot Na Pa 1 | RIDO/GUL/W/NCB/ROAD/134/53/081-82 | 25,36,528.33 | | 60,000.00 |
| 18 | Upgrading of DharmapaniDhungethati Halogadellapokhara Road, Musikot Na Pa 3 And Upgrading of BanjyangKalimatiChudariGauBharjuwaMusikotPaudiAmraiRoad,Musikot Na Pa 3 | RIDO/GUL/W/NCB/ROAD/134/54/081-82 | 42,29,208.43 | | 100,000.00 |
| 19 | Upgrading of OkhledahaTareBhirAglung Road, Madane Ga Pa 1 | RIDO/GUL/W/NCB/ROAD/134/55/081-82 | 8,45,584.86 | | 20,000.00 |

3. Interested eligible bidders may obtain further information from Road Infrastructure Development Office, Gulmi or may visit E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp.



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# आठौं रूपन्देही जिल्लास्तरीय स्नुकर प्रतियोगिता सुरु



**मोहम्मद हबिब**

*भैरहवा*

भैरहवामा आठौं रुपन्देही जिल्लास्तरीय स्नुकर प्रतियोगिता सुरु भएको छ। भैरहवास्थित क्रेजी क्यु क्लब हाउसमा रुपन्देही पुल तथा स्नुकर संघको आयोजनामा प्रतियोगिता सुरु भएको हो।

आइतबार पूर्व सांसद प्रमोद यादवले प्रतियोगिता शुभारम्भ गरे। सो अवसरमा बोल्दै यादवले अरु खेलहरु जस्तै स्नुकर खेलको पनि ठूलो महत्व रहेकोले अन्य इनडोर कवर्ड हल जस्तै जिल्ला स्तरको कवर्डहल बनाउन जरुरी रहेको बताए। यो खेल बाहिर नखेलिने भएकोले यसको प्रचारमा कमी भएकोले नै यसप्रति आम नागरिकको सोंचाइ गलत भए पनि वास्तवमा यो खेलस्तरीय खेल भएको उनले बताए। आफूले यहाँ स्नुकरको कवर्डहल निर्माणका लागि पहल गरी स्थानीय तहलाई पनि सहकार्यमा ल्याउने प्रतिबद्धता उनले जनाए।

सो अवसरमा बोल्दै तेक्वान्दोका राष्ट्रिय खेलाडी कोशिषबहादुर खड्का, पत्रकार महासंघ रुपन्देहीका उपाध्यक्ष विश्वास ढकाल, सल्लाहकार सुरज मकाजूले स्नुकरबाट राष्ट्रको प्रतिनिधित्व हुने गरी खेलाडी उत्पादन भए पनि खेलबारे सबैलाई बुझाउनु पर्ने, स्नुकर खेल विश्वमा पुरानो र प्रतिष्ठित खेल भए पनि नेपालमा ओझेलमा परेको अन्य खेल जस्तै स्नुकर पनि राष्ट्रिय खेलमा समावेश हुनुपर्ने, जिल्ला र प्रदेशस्तरमा संघहरुमार्फत् प्रतियोगिताहरु आयोजना गर्दै गए उत्कृष्ट खेलाडीहरु उत्पादन हुँदै जाने बताए।

यसअघि संघको आयोजनामा सात वटा जिल्लास्तरीय प्रतियोगिता बुटवलमा भइसकेकामा यसपटक भैरहवालाई प्राथमिकता दिई पहिलोपटक नारायणथान स्थित क्लबमा जिल्लास्तरीय प्रतियोगिता आयोजना गरिएको संघका अध्यक्ष सुजन पुनले बताए

संघका सल्लाहकार तथा खेल संयोजक विजय थापाले १२८ जना खेलाडी प्रतियोगितामा सहभागी भएको बताए।

प्रतियोगिताको उपाधि विजेताले नगद ६१ हजार रुपैयाँ, तथा उपविजेताले नगद २५ हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ। यसैगरी सर्वाधिक ब्रेकरले नगद १० हजार रुपैयाँ, कपबाट पुरस्कृत गरिने खेल संयोजक थापाले बताए।

# 'स्वास्थ्यका सातौं तहका कर्मचारीलाई विभेद र अन्याय'



बुटवल। लुम्बिनी प्रदेश सरकारले बनाएको प्रदेश निजामती ऐन २०८१ मा स्वास्थ्य क्षेत्रका ८ वटा समूहका सातौं तहका कर्मचारीहरुलाई विभेद गरी बढुवा नगरेको भन्दै स्थानीय तह र प्रदेशका कर्मचारी आन्दोलित भएका छन्।

प्रदेश सरकारले बनाएको निजामती ऐनमा अन्य सबै तहका कर्मचारीहरु नयाँ बनेको ऐनअनुसार एक तह स्वतः बढुवा हुने व्यवस्था गरे पनि स्वास्थ्यका सातौ तहका कर्मचारीहरुको हकमा भने बढुवासम्बन्धी कुनै पनि व्यवस्था नगरेको कारण आफूहरु अन्यायमा परेकाले आन्दोलित हुनुपरेको बुटवल उप-महानरपालिका स्वाथ्य शाखा प्रमुख युवराज पाण्डेले बताए।

संघीय निजामती ऐन नआइसकेको अवस्थामा केही निहित स्वार्थ बोकेका कर्मचारीहरुको लागि मात्रै ऐन ल्याइएको भन्दै यो ऐन नसच्याए सर्वोच्च अदालतसम्म जाने पाण्डेले बताए। स्वास्थ्य सेवा ऐन २०५३ बमोजिम स्वास्थ्य सेवाको चौथो/पाँचौं तहमा सुरु, नियुक्ति कार्य हुने जनशक्तिलाई दुई तह स्तरवृद्धि दिने व्यवस्था रहेको साथै समायोजन ऐन २०७५ ले स्वास्थ्य सेवाको जनशक्तिलाई अन्य सेवाको लागि दिएकामा तह वृद्धि नदिएको भन्दै कर्मचारी आन्दोलित भएका हुन्।

प्रदेशका ८० जनाभन्दा बढी कर्मचारी सातौं तहका रहेका छन्। लुम्बिनी प्रदेश सरकारले हालै जारी प्रदेश निजामति, स्थानीय सेवा ऐनले चौथो तहमा नियुक्त भई पदस्थापना हुने जनशक्तिलाई तीन तह अर्थात सातौं तहसम्म जाने कानुनी प्रबन्ध गरी पाँचौं तहका सुरु नियुक्त भएका जनशक्ति हाल सातौं तहमा रहेका जनशक्तिलाई तह वृद्धि नगरिदिंदा सातौं तहका कर्मचारी अन्यायमा परको कर्मचारीहरुको गुनासो छ।

हाल स्थानीय सेवा ऐन २०८१को दफा (९) ले पदसोपान, चेन अफ कमाण्डलाई माजोरब नाई जिम्मेवारी बहन र जवाफदेहितामा अन्यौलता सृजना गरेको कर्मचारीहरुले गुनासो गरेका छन्।


**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल**

## तपसिलमा उल्लेखित सामानहरु प्रति ईकाइ दरमा/प्याकेजमा खरिद गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र-e-tender) आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः२०८१/०६/०७

यस अस्पतालको लागि आ.ब. २०८१/०८२ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित खरिद कार्य बोलपत्रका माध्यमबाट गर्नु गराउनुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। साथै बिस्तृत जानकारीको लागि धधध.दयउिबतचब.नयख.लउ/भनउ मा हेर्न सकिनेछ।

**तपसिल**

| क्र.सं. | ठे.नं. | कामको विवरण | लागत अनुमान (मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र दर्ताको अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | LPH-NCB-GOODS -01/2081-082 | Supply& Delivery of Medical Store Medicine | | ९,२०,०००/- | ५,०००/- | २०८१/०७/०७ गते १२.०० भित्र |
| २ | LPH-NCB-GOODS-02/2081-082 | Supply& Delivery of Medical store Surgical Items | | ९,३८,०००/- | ५,०००/- | |
| ३ | LPH-NCB-GOODS-03/2081-082 | Supply& Delivery of Medical store Laboratory Items | | ५,७८,०००/- | ५,०००/- | |
| ४ | LPH-NCB-GOODS -04/2081-082 | Supply& Delivery of Medical store DentalRelated Items | | ४,५७,०००/- | ५,०००/- | |
| ५ | LPH-NCB-GOODS -05/2081-082 | Supply& Delivery of Medical store Dialysis Related Items | | ४,७३,०००/- | ५,०००/- | |
| ६ | LPH-NCB-GOODS -06/2081-082 | Supply& Delivery of Medical store Medical Gases | ५५,५१,८७५/०० | १,५५,५००/- | ३,०००/- | |
| ७ | LPH-NCB-GOODS -07/2081-082 | Supply& Delivery of Pharmacy Medicine | | Slice मा तोकिए बमोजिम | १०,०००/- | |
| ८ | LPH-NCB-GOODS -08/2081-082 | Supply& Delivery of Pharmacy Surgical Items | | ८,९८,५००/- | ५,०००/- | |
| ९ | LPH-NCB-GOODS -09/2081-082 | Supply & Delivery of Differents types of Chemials / Reagents/ Flims and Consumables Items | | Slice मा तोकिए बमोजिम | १०,०००/- | |

मेडिकल सुपरिटेण्डेण्ट



**Madane Rural Municipality**
**Office of Rural Municipal Executive**
**Purkotdaha, Gulmi**

## Invitation for Online Bids

Date of publication: 2024-09-23(2081/06/07)
Notice No: 03/2081/082

1. Madane Rural Municipality, Purkotdaha, Gulmi invites online bids Under E-Procurement system to the bidders for the Supply of following items Under NCB Bidding procedure:

| S.N | Contract Identification Number | Description of Works | Bid Security amount Nrs | Estimated amount with VAT | Bid Security validity period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | OMDRM-GUL-W-NCB -05-2081/082 | Upgrading of Myalpokhari Jhalkane Pipalkarukha Raod Project. | 75000 | 2999516.62 | 120 | 3000 |

2. Date of purchasing submission and opening of bids:

| Last date of submission of bid | Date of opening of bid | Employers bank account for purchasing of bid document |
|---|---|---|
| 2024-10-23 (2081-07-07 at 12:00 | 2024-10-23(2081-07-07) at 13:00 | Agriculture Development Bank Limited. Purkotdaha, Gulmi Branch Account Name: MADANE GA.PA. A/C No: 0425401499748114 |

3. Eligible builders may obtain further information and inspect the bidding document at the office of Madane rural municipality at www.madanemun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Wholly or partially the right to accept or reject the bid document depends on the office of Madane rural Municipality.



**डेंगीका लक्षणहरु**

डेंगीका लक्षणहरुः

-एक्कासी ज्वरोआउनु,

-बेस्सरी टाउको दुख्नु,

-हाडजोर्नी, मांशपेशी र ढाड दुख्नु,

-रिङ्गटा लाग्नु,

-५-७ दिनसम्म ज्वरो रहनु,

-आँखाको गेडी दुख्नु,

-शरीरमा बिबिरा आउनु,

-वाक्वाकी लाग्नु बान्ता हुनु,

यस्ता लक्षणहरु देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**ट्वाइलेट सफा गराउनुहोस्**

**बुटवल सेनेटरी प्रा.लि.**

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०



प्रो. मञ्जु एण्ड सन्स्

फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४

KKJ **न्यू कुमकुम ज्वेलर्स**

वि.पि. चोक, बुटवल-४, रूपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित

पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com